# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १० | अंक १ | मासिक | माघ/फागुन | January 2007



- सम्पत्ति जोगाउन सम्बन्धविच्छेद — सिर्जना आचार्य
  *जिन्दगी भताभुङ्ग भए जिम्मेवार को ?*
- पत्रकारितामा महिलाका चुनौती — यशोदा तिम्सिना
  *विज्ञापन खोज्नेदेखि सम्पादनसम्म*
- मसाज केन्द्रमा महिला कामदार — नेहा शर्मा
  *पेशा व्यवस्थित नहुँदाको पीडा*
- हिंसापीडित बालिका बने अहिंसाका पुजारी — रेखा भुसाल
  *स्कुलमा छात्रा, बिहारमा गुरुआमा*
- आत्मनिर्भरतातर्फ दलित महिला — रिता रेग्मी
  *कानुन बने, व्यवहार बनेनन्*
- सामुदायिक वनमा महिलाको नेतृत्व — स्मिता अधिकारी
  *उत्पादनमूलक कामको सुरुवात*
- बढ्न थाल्यो महिला सञ्चारकर्मीको माग — समीक्षा कोइराला
  *अब खाँचो छ पेशाप्रतिको प्रतिबद्धता*





सञ्चारिका समूह/नेपाल

# सम्पत्ति जोगाउन सम्बन्धविच्छेद

*जग्गामा हदबन्दी लाग्ने डरले अदालती प्रक्रियाबाट 'सम्बन्धविच्छेद' गर्ने क्रम तराईमा बढ्दो छ । बिनाझैं-झगडा लोग्नेकै सल्लाहमा महिलाले सम्बन्धविच्छेदका लागि अदालतमा मुद्दा हालेका छन् । पतिलाई परमेश्वर मान्ने संस्कारले कतै उनीहरूलाई गम्भीर खतराको खाडलतिर त धकेलिरहेको छैन । तर, उनीहरू सम्भावित खतराबारे भने अनभिज्ञ छन् ।*

✍ सिर्जना आचार्य

***बाँके ।*** बाँके बेलभार गाविसकी कमलादेवी बर्माले गत ७ साउनमा जिल्ला अदालत बाँकेमा लोग्नेविरुद्ध सम्बन्धविच्छेदको मुद्दा हालिन् । लोग्नेसँग चित्त नबुझे चुँ पनि नबोल्ने समुदायकी कमलाले अदालतसामु याचना गरिन्, "मेरो लोग्नेसँग म बस्नै सकिनँ, सम्बन्धविच्छेद गरिदिनुस् ।" लोग्ने मन नपरेर, लोग्नेसँग बस्नै नसक्ने अवस्था आइलागेर र लोग्नेसँग छुट्टिन चाहेर उनले सम्बन्धविच्छेदको मुद्दा हालेकी होइनन् । उनी आफैंलाई पनि थाहा छैन, मुद्दाको परिणाम के हुन्छ । उनी लोग्नेलाई सहयोग गर्न अदालतमा सम्बन्धविच्छेदका लागि गएकी हुन् । उनी लोग्नेसँग छुट्टिएर बस्न होइन, लोग्नेको सम्पत्ति जोगाउन चाहन्छिन्, त्यो पनि लोग्नेकै आग्रहमा ।

उनीहरू सँगै हाँस्दै अदालत आएका थिए, दुवैमा एक-अर्काको जीवनसाथीको व्यवहार देखिन्थ्यो । तर, लोग्नेले 'खान-लाउन नदिएको' उल्लेख गरेर अंश माग गर्दै मुद्दा दर्ता गराउँदा अदालतका कर्मचारीसमेत छक्क परे । मुद्दा दर्ता गराउन पुगेका यी पतिपत्नीलाई यसो गर्दा पछि एक-अर्काबाट धोका हुन सक्ने खतरा पनि कर्मचारीले देखाए । तर, सम्पत्ति जोगाउने लोग्नेको चाहना पूरा गर्न उनले त्यो खतरा मोलिन् ।

लोग्नेसँगको सम्बन्ध सुमधुर हुँदाहुँदै पनि बेलभारकी गीता कुर्मीले पनि अनिललाई पति मान्न चाहिनन् । सम्बन्धविच्छेद के हो थाहै नपाएकी गीताले पनि बाँके जिल्ला अदालतमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरिन् । लोग्नेले खान-लाउन नदिएको रिसले मुद्दा दर्ता गराएको उनले बताइन् । तर उनीहरू पनि मुद्दा दर्ता गरेपछि हाँस्दै घर फर्के । उनीहरूको चेहरामा छुट्टिन चाहेको सामान्य सङ्केत पनि देखिँदैनथ्यो ।

*उनीहरू सँगै हाँस्दै अदालत आएका थिए, दुवैमा एक-अर्काको जीवनसाथीको व्यवहार देखिन्थ्यो । तर, लोग्नेले 'खान-लाउन नदिएको' उल्लेख गरेर अंश माग गर्दै मुद्दा दर्ता गराउँदा अदालतका कर्मचारीसमेत छक्क परे । मुद्दा दर्ता गराउन पुगेका यी पतिपत्नीलाई यसो गर्दा पछि एक-अर्काबाट धोका हुन सक्ने खतरा पनि कर्मचारीले देखाए ।*

त्यो दिन उनीहरूसँगै गाउँका अन्य ३ दम्पती सम्बन्धविच्छेदको मुद्दा दर्ता गराउन अदालत आएका थिए । व्यावहारिक सम्झौता जेसुकै होस् तर, उनीहरू कानुनीरूपमा पति-पत्नीको सम्बन्ध तोड्न सहमत थिए । लोग्नेको चाहनामा कल्पनै नगरेको काम गर्नुपर्दा कतिले मुद्दा दर्ता फाँटमै आँसु झारे । तर उनीहरूले मुद्दा भने फिर्ता लिएनन् ।

सरकारले जग्गाको हदबन्दी निर्धारण गर्दैछ भन्ने हल्ला चलेपछि जमिन प्यारो ठान्ने धेरै पुरुषले जग्गा गुम्ला भन्ने डरले आफ्ना पत्नीलाई अदालतमा ल्याएर सम्बन्धविच्छेदको मुद्दा दर्ता गराउँदै आएका छन् । जग्गामोहले आपसी विश्वास र सम्बन्ध बिग्रनसक्ने खतरा नबुझेका महिलाले हिन्दू संस्कार र मान्यतालाई समेत तिलान्जली दिए ।

"पारपाचुके मुद्दा दर्ता गराउँदा त्यसबाट उत्पन्न हुने खतरा धेरैलाई थाहा हुँदैन । तर, कति त

*लोग्नेसँगको सम्बन्ध सुमधुर हुँदाहुँदै पनि बेलभारकी गीता कुर्मीले पनि अनिललाई पति मान्न चाहिनन् । सम्बन्धविच्छेद के हो थाहै नपाएकी गीताले पनि बाँके जिल्ला अदालतमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरिन् । लोग्नेले खान-लाउन नदिएको रिसले मुद्दा दर्ता गराएको उनले बताइन् । तर उनीहरू पनि मुद्दा दर्ता गरेपछि हाँस्दै घर फर्के ।*

त्यो सम्झेर अदालतमै धुरुक्क रुन्छन्," बाँके जिल्ला अदालतको मुद्दा दर्ता फाँटका कर्मचारी भन्छन्, "मुद्दा दर्ता गरेपछि आत्मामा परेको चोट सहन नसकेर कोही त धुरुधुरु रुने गर्छन् ।"

तर यस्ता पति-पत्नी सम्बन्धविच्छेद गर्न अदालत आउन छाडेका छैनन् । सरकारले जग्गामा हदबन्दी लगाउने हल्ला चलेपछि पति-पत्नीहरूले अदालतमा सम्बन्धविच्छेदका मुद्दा दर्ता गराउन थालेका हुन् । पति-पत्नीको सुमधुर सम्बन्ध कायमै भए पनि मुद्दामा कुटपिट गरेको आरोप लगाउँदै पत्नीले लोग्नेबाट अंशसहित सम्बन्धविच्छेदको माग गर्छन् । यस्तो माग गर्नेहरूमा भर्खरै विवाहबन्धनमा बाँधिएका जोडी पनि छन् । हदबन्दी लाग्ने डरले पारपाचुके गर्न अदालत आउनेहरू धेरैजसो हुनेखाने परिवारका छन्, जसको जग्गा सम्भावित हदबन्दीभन्दा बढी छ ।

बाँके जिल्ला अदालतमा साउनमा एक साताभित्र सम्बन्धविच्छेदका यस्ता ४५ मुद्दा परे । मुद्दा दिनेमा एकै परिवारका ५ जनासम्म छन् । बेलभारका एकै परिवारका पाँच दम्पतीले अदालतमा सम्बन्धविच्छेदको मुद्दा दायर गरेका थिए ।

कानुनी प्रधानभन्दा आफ्नो इस्लामिक संस्कार र परम्परालाई कडाइसाथ मान्ने मुस्लिमहरूसमेत तलाकको साटो सम्बन्धविच्छेदको मुद्दा लिएर अदालत पुगेका छन् । उनीहरूले पनि सम्पत्तिका लागि महिलालाई जान उक्साए । जग्गा धेरै हुने परिवारले कृत्रिम सम्बन्धविच्छेदका यी मुद्दामा न्यायालयलाई ढाँटेका छन् । गाउँघरमा गएर वास्तविकता नबुझी सम्बन्धविच्छेदको फैसला हुने हुँदा यस्तो विकृति देखापरेको हो । महिलाले अंश नलिई सम्बन्धविच्छेदको माग गरेका छन् । जिल्ला अदालतका स्रेस्तेदार पोतप्रसाद अर्याल भन्छन्, "पछि लोग्नेले अर्को विवाह गरे के गर्नुहुन्छ भन्दा कुरा चपाउँछन् ।"

बर्दिया अदालतमा सम्बन्धविच्छेदको मुद्दा दिने दम्पतीको सङ्ख्या थपिँदैछ । साउनको दोस्रो साता २५ भन्दा बढी मुद्दा दर्ता भए । लाग्नेबाट सम्बन्धविच्छेद गरेर बस्दा छुट्टै अंश पाउने भएकाले सम्बन्धविच्छेदको कानुनी प्रावधानको दुरुपयोग हुन थालेको कानुन व्यवसायीहरू बताउँछन् ।

जग्गा जोगाउन आपसी सहमतिमा भएको सम्बन्धविच्छेद महिला र पुरुष दुवैका लागि घातक हुनसक्छ । "त्यसपछि सगोलमा बस्दा समस्या आउन सक्छ," अधिवक्ता सुनिता शर्मा भन्छिन्, "केटीले दोस्रो विवाह गरे सम्पत्ति फिर्ता हुँदैन ।" केटाले दोस्रो विवाह गरे उजुरी लाग्दैन । "सम्बन्धविच्छेदपछि जन्मने सन्तानको नाता कायममा पनि बाधा पर्न सक्छ," उनले भनिन्, "समझदारी बिग्रियो भने २ सय ७२ दिनपछि जन्मने सन्तानको बाबुको नाता कायम गर्न सम्भव हुँदैन ।"

नवविवाहितहरू बढी सङ्कटमा देखिन्छन् । उनीहरूमा सम्बन्धविच्छेदले शारीरिकसम्पर्कमा बाधा पार्ने, जन्मने सन्तानलाई कानुनी मान्यता दिन सके पनि समाजले हेर्ने दृष्टिकोण र मान्यतामा परिवर्तन आउने डर छ । नाम उल्लेख गर्न नचाहने एक महिलाले भनिन्, "विवाह भएको ३ महिना मात्र हुँदैछ, हनिमुन मनाउन नपाउँदै सम्बन्ध तोडियो, पछि धोका पाइने हो कि ?"

लोग्नेले हेरचाह नगरेको, खान-लाउन नदिएको, कुटपिट, यातना दिएको, अन्य महिलासँग सम्बन्ध राखेकोजस्ता कारण देखाए महिलाले लाग्नेसित अंश लिई सम्बन्धविच्छेद गर्न पाउने कानुनी प्रावधान छ । उल्लिखित कारणबिना यो प्रावधानको प्रयोग गर्न पुरुषले महिलालाई उक्साएका छन् । किनकि पुरुषले सम्बन्धविच्छेद गर्दा लामो प्रक्रिया अपनाउनुपर्छ । सजिलो उपाय भएकाले अदालतहरूमा महिलाबाट यस्ता मुद्दा दर्ता भएको कानुन व्यवसायीहरू बताउँछन् ।

भूमिसुधारमन्त्री प्रभुनारायण चौधरीले असारको अन्तिम साता राजधानीमा सरकारले छिट्टै जग्गाको हदबन्दी लगाउने अभिव्यक्ति दिएपछि यो लहर राजधानी हुँदै तराईका धेरैजसो जिल्लामा पुगेको हो । सबैभन्दा शिक्षित मानिस बसोबास गर्ने ठाउँमै कानुनी प्रावधानको दुरुपयोग देखिएको छ । तराईका बाँके, बर्दिया, कैलाली, कन्चनपुर, दाङ, कपिलवस्तु, रूपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सिराहा, सप्तरी, मोरङलगायतका जिल्लामा सम्बन्धविच्छेद गर्ने क्रम बढ्दो छ ।

यसको सकारात्मक पक्ष पनि छ । छोरीलाई अंश दिन नचाहने परिवारले छोरीका नाममा जग्गा दर्ता गरिदिएका छन्, कतिले बकसपत्रसमेत दिएका छन् ।

हदबन्दीबाट जग्गा जोगाउन बाँकेमा ०५९ सालमा एक दिनमा १ सयभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए । सम्पत्ति लुकाउन यो वर्ष साउन महिनामा ८३, भदौमा १२, असोजमा ४, कात्तिकमा ५, मङ्सिरमा ८ र पुसमा एउटा सम्बन्धविच्छेदको मुद्दामा फैसला भएको छ । त्यतिबेला जग्गाकै लागि बाँकेका पूर्वसांसद शान्तिशमशेर राणाले समेत पत्नीसित नाता तोडेका थिए ।

"दुई-तीन मुद्दा मात्र वास्तविक होलान्, बाँकी सबै काल्पनिक हुन्," अधिवक्ता अब्दुल अजिज मुसलमान भन्छन्, "अदालतमा नाता तोडे पनि सबै पति-पत्नी सगोलमा छन् ।"

पति-पत्नीबीच मात्र होइन परिवारका सदस्यबीचमा पनि कृत्रिम विवाद सिर्जना गरी अंशवण्डाको मुद्दा दायर गरिएका छन् । साउनमा ५४, भदौमा २५, असोजमा १४, कात्तिकमा ९, मङ्सिरमा २१ र पुसमा १० अंश मुद्दा अदालतमा दायर भए ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पत्रकारितामा महिलाका चुनौती

*पत्रकारितालाई राज्यको चौथो अङ्ग मानिन्छ । राज्यका सबै निकायलाई 'वाचडग'को रूपमा हेर्नुपर्ने पेशामा धेरै चुनौती छन् । पेशाको चुनौती राजधानीबाहिर बसेर पत्रकारिता गर्नेले धेरै भोगेको पाइन्छ । त्यसमा पनि महिला पत्रकारले भोग्नुपरेको पेशाका कठिनाइको त कुनै नगरौं । सबैतिर एकतिहाई महिला सहभागिताको कुरा उठिरहेका बेला धरानमा बसेर पत्रकारिता गरिरहेका पत्रकार महिलाका दिनचर्या नियाले मात्र पनि थाहा हुन्छ मोफसलका महिला पत्रकारको व्यथा ।*

**✍ यशोदा तिम्सिना**

***धरान ।*** गङ्गा बरालले सुनसरीको धरानमा बसेर पत्रकारिता गरेको एक दशकभन्दा बढी भयो । विजयपुर साप्ताहिकमा संवाददातादेखि प्रकाशक/सम्पादकसम्मको जिम्मेवारी गङ्गा आफैं व्यहोर्छिन् । देशमा सङ्कटकाल लागेका बखत प्रकाशक भवानी बराल (गङ्गाका श्रीमान् पनि हुन्) लाई सुरक्षाकर्मीले माओवादीलाई सघाएको आरोपमा धरपकड गरेपछि उनी काठमाडौंतिर लागे । त्यतिबेला गङ्गाले दुईमध्ये एक बाटो रोज्नुपर्ने भयो कि अखबार बन्द गर्ने कि छपाइदेखि समाचार सङ्कलन आफैं गर्ने । गङ्गाले जटिल भन्ने जान्दाजान्दै पनि दोस्रो बाटो रोजिन् ।

डाक्टर बनाउने अभिभावकको इच्छाविपरीत पत्रकारिता उनको छनोटमा पऱ्यो । विज्ञान पढे पनि पढाइअनुसारको काम उनले गरिनन् । भन्छिन्, "किन-किन सानैदेखि मलाई लेखनमा रुचि थियो ।" यसै रुचिले हुटहुटी लाएपछि गङ्गाको इच्छाले साकार रूप लियो । 'के खोज्छस् काना आँखा' भने झैं श्रीमान् पनि पत्रकार भएपछि गङ्गालाई आफ्नो सीप माझ्न झन् मद्दत पुग्यो ।

अब त यत्तिका वर्षको मेहनतलाई तिलाञ्जली दिएर अरू काम गर्ने कुरो पनि आएन। अहिलेकै अवस्थामा आउन पनि धेरै उकाली-ओराली हिँड्नुपर्‍यो, पापड पेल्नुपर्‍यो। गङ्गाको अनुभवमा अखबारको अस्तित्व जोगाइराख्नु नै ठूलो कुरो भो कतिपय अवस्थामा। मोफसलमा बसेर पत्रकारिता गर्नु चुनौती मात्रै होइन, गाँसबास नै दाउमा राख्नु हो भन्ने लाग्छ उनलाई। अवसरका हिसाबले एकादुई विकासे कार्यक्रमबाहेक केही नहुने ठाउँमा विज्ञापन पाउँन त्यत्तिकै मुस्किल छ। तर पछिल्लो समय (लोकतन्त्रको स्थापनापछि) विकासका केही कार्यक्रम विकेन्द्रित भएका र अन्तर्राष्ट्रिय दातृ निकायसमेत मोफसलतिर केन्द्रित भएकाले केही होलो भएको महसुस गङ्गा संलग्न विजयपुर साप्ताहिकले गरेको छ। गङ्गाका अनुसार पाठकसमेत केन्द्रका राजनीतिक जोड-घटाउका समाचारमा बढी ध्यान दिन्छन्। यस्तै समाचारले अखबारका पाना भर्नुपर्ने बाध्यता छ मोफसलमा। यति मात्रै होइन, तलब दिएर मान्छे राख्न गाह्रो छ। विज्ञापन खोज्नेदेखि वितरणसम्म आफैं हेर्नुपर्छ। खोजमूलक समाचार बनाउनदेखि गुणात्मक वृद्धिका लागि ध्यान नै दिन पाइँदैन। पत्रिका टिकाउनतिर मात्र मेरो ध्येय हुन्छ,- गङ्गा वास्तविकता यसरी ओकल्छिन्।

गङ्गाको दुःख त सम्पादक/प्रकाशकका हिसाबले गहन छ। तर मोफसलमा रहेर संवाददाता मात्रै हुनुको पीडा सुमित्रा राई 'अन्जान' लाईभन्दा बढी कसलाई थाहा होला र ? धरानकी स्थायी बासिन्दा सुमित्राको लक्ष्य पत्रकार बन्ने हो। तर, पत्रकार बनेर मात्रै जीवन धान्न मुस्किल भएपछि सुमित्राले निर्णय गरिन्- दिउँसो कुनै काम गर्छु, बिहान-बेलुकी पत्रकारिता गर्छु। तर पत्रकारिता 'पार्टटाइम जव' हो र ? तिनले आफूसँग प्रश्न गरिन्। जवाफमा दिनभर खट्दा त राम्रा र पठनीय समाचार खोज्न नसकेको बेलामा अरू काम गरेर पत्रकारिता धान्ने कहिलेसम्म ?

यसपछि सुमित्राले धरानका केही अखबारका कार्यालयमा धाइन्। पकेटखर्च पुग्ने पैसा दिए मात्रै पनि पत्रकारिता गर्छु भन्ने सोच बनाएकी सुमित्रा त्यतिबेला निराश भइन् जब प्रकाशकले पैसा दिएरै समाचार सङ्कलनमा पठाउँछौं या समाचार छापिएपछि भए पनि दिन्छौं भनेनन्। स्नातक उत्तीर्ण

*यसपछि सुमित्राले धरानका केही अखबारका कार्यालयमा धाइन्। पकेटखर्च पुग्ने पैसा दिए मात्रै पनि पत्रकारिता गर्छु भन्ने सोच बनाएकी सुमित्रा त्यतिबेला निराश भइन् जब प्रकाशकले पैसा दिएरै समाचार सङ्कलनमा पठाउँछौं या समाचार छापिएपछि भए पनि दिन्छौं भनेनन्। स्नातक उत्तीर्ण सुमित्रा विद्यालयमा पढाउन थालिन्। यसपछि भ्याएसम्म विभिन्न विषयमा फिचर लेख्न थालिन्। सुमित्रा तितो अनुभव सुनाउँछिन्, "तर अहिलेसम्म मैले फिचर लेखेबापत एकसुको पनि लिएकी छैन।"*

सुमित्रा विद्यालयमा पढाउन थालिन्। यसपछि भ्याएसम्म विभिन्न विषयमा फिचर लेख्न थालिन्। सुमित्रा तितो अनुभव सुनाउँछिन्, "तर अहिलेसम्म मैले फिचर लेखेबापत एकसुको पनि लिएकी छैन।" उनले प्रतिप्रश्न गर्दै भनिन्, "मैले पत्रकारिता गर्छु भन्दा पनि अवसर पाइनँ। अब के गरौं ?"

ताप्लेजुङका स्थायी बासिन्दा मनु मादेन स्टाफ नर्स बन्न चाहन्थिन्। विधिको विडम्बना, माओवादी जनयुद्धमा लागेको आरोपमा सुरक्षाकर्मीले धरपकड गरेपछि मनु जङ्गलतिर लागिन्। यो ०५८ सालको कुरो हो। प्रमाणपत्र तहमा अध्ययन गर्ने मनुले जङ्गल बसाइका क्रममा युद्ध संवाददाताका रूपमा काम गर्ने जिम्मेवारी पाइन्। उनले माओवादीको मुखपत्र जनादेशमा रिपोर्टिङ गर्नुपर्थ्यो। 'कि परेर जान्नु कि पढेर' भने झैं मनुले परेर पत्रकारिता गरिन्। अहिले माओवादी जङ्गल छोडेर मूलधारको राजनीतिमा समाहित भएको छ। मनुको इच्छा पत्रकारितालाई अघि बढाउने छ। उनी भन्छिन्, "पत्रकारितालाई पेशाको रूपमा अघि बढाउन खोजी पत्रकारितासम्बन्धी तालिम लिनु जरुरी रहेछ।"

मनुको 'जरुरी' रहेछ भन्ने भनाइलाई कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेको भनाइले पुष्टि गर्छ। नारायणको भोगाइ र

*मनुको 'जरुरी' रहेछ भन्ने भनाइलाई कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेको भनाइले पुष्टि गर्छ । नारायणको भोगाइ र बुझाइअनुसार पत्रकारितामा कार्यथलो सबभन्दा ठूलो पाठशाला हुन्छ । नारायण भन्छन्, "कोही पुरुष वा महिला पत्रकारिताप्रति समर्पित छ भने काम गर्दै सिक्ने, लेखपढ बढाउने र आफूलाई माझ्दै जाने क्रम जारी रहन्छ । सञ्चारगृह आफैंले पत्रकारलाई जति प्रशिक्षण दिन्छ, त्यो भन्दा बढी अभ्यास र अनुभवका आधारमा हुन्छ ।*

बुझाइअनुसार पत्रकारितामा कार्यथलो सबभन्दा ठूलो पाठशाला हुन्छ । नारायण भन्छन्, "कोही पुरुष वा महिला पत्रकारिताप्रति समर्पित छ भने काम गर्दै सिक्ने, लेखपढ बढाउने र आफूलाई माझ्दै जाने क्रम जारी रहन्छ । सञ्चारगृह आफैंले पत्रकारलाई जति प्रशिक्षण दिन्छ, त्यो भन्दा बढी अभ्यास र अनुभवका आधारमा हुन्छ । त्यसकारण दक्ष प्रशिक्षण संस्थाहरू पनि आवश्यक पर्छन् जसले सैद्धान्तिक शिक्षण दिन र पत्रकारलाई आफ्ना पेशाका चुनौती र सम्भावनाबारे सचेत तुल्याउन सक्छन् ।"

धनकुटा हेराल्डमा कोलम लेख्छिन् शारदा रेग्मी । यस्तै रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र धनकुटामा कार्यक्रम पनि चलाउँछिन् । धनकुटा बहुमुखी क्याम्पसमा स्नातक तृतीय वर्षकी विद्यार्थी पनि हुन् उनी । उनको चाहना पत्रकार बन्ने छ । उनले पत्रकारिता नै पढ्न चाहेकी थिइन् तर मोफसलमा त्यो सम्भव भएन । विभिन्न संस्थाले आयोजना गर्ने छोटो अवधिका तालिम लिएकै भरमा उनले लेख्न र कार्यक्रम चलाउन जानेकी हुन् । उनले पत्रकारितामा रुचि देखाएपछि अभिभावकले पढ्ने खर्च आफैं जुटाउनु भने । तर अखबारमा कोलम लेखेर र रेडियोमा कार्यक्रम चलाउँदासमेत शारदालाई खर्च धान्न अभिभावककै मुख ताक्नुपरेको छ । भन्छिन्, "पत्रकार बन्ने रहरले मात्रै नहुने रहेछ । अवसर पनि त्यसैअनुसारको पाउनुपर्ने रहेछ ।"

यी तमाम पत्रकार महिलाका समस्यालाई सबै पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले सम्बोधन गर्छ कि ? सभापति विष्णु निष्ठुरीका अनुसार मोफसल र केन्द्रका समस्यालाई एकै ठाउँमा राखेर हेर्दा कहिलेकाहीँ मोफसललाई मर्का पर्न सक्छ । केन्द्र अवसर र चुनौती दुवै हिसाबमा अघि छ भने मोफसलमा न त अवसर न त त्यति ठूलो चुनौती नै । यसर्थ मोफसलमा रहेका महिलाको पहुँच केन्द्रसम्म पुर्‍याउनुपर्ने आवश्यकता महासङ्घले पनि देखेको छ ।

अहिले महिला पत्रकारको पहुँच महासङ्घको निर्णायक तहमा समेत सहज होस् भनेर विधान नै संशोधन गर्न लागेको भनाइ सभापति निष्ठुरीको छ । यता केही दिनअघि राजधानीमा महिला पत्रकारको मात्रै भेला गरेर सतही रूपमा भए पनि तिनका समस्या र चुनौती सुनेकाले त्यसको समाधानका लागि पनि पहल गरिरहेको निष्ठुरी बताउँछन् । महासङ्घको रेकर्डअनुसार अहिले करिब चार सय महिला यसको सदस्य रहेका छन् । तर, सङ्ख्या पनि उल्लेख्य नहुनु र भएको पनि गुणात्मक रूपमा उत्कृष्ट नदेखिएकाले स्थिति निराशाजनक रहेको ठहर महासङ्घले गरेको छ । यसै स्थितिलाई ध्यानमा राखेर महासङ्घले समावेशीकरणको सिद्धान्तअनुरूप मोफसलमा पनि तालिमको व्यवस्था गर्न लागेको निष्ठुरीले जानकारी दिए ।

तर मोफसलका पत्रकार महिलाको मुख्य समस्या आर्थिक हो । त्यसको जवाफ दिन भने त्यति सहज छैन । पत्रकारिताका प्रशिक्षक मोहन मैनाली आर्थिक रूपले महिला मात्रै होइन पुरुषलाई पनि सहज छैन भन्छन् एकादुई 'मिडिया हाउस' लाई छोडेर । यसर्थ आर्थिक रूपले सबल नभईकन पत्रकारिता गर्न असहज स्थिति रहेको मैनालीको स्वीकारोक्ति छ । प्रशिक्षणका क्रममा पत्रकार हुन महिलाहरूले देखाएको उत्साह (विशेषगरी मोफसलमा) लाई केन्द्रका मिडिया हाउसले ठाउँ दिनुपर्ने तर्क मैनालीको छ । उनी भन्छन्, "पछिल्लो समय केही अखबारमा महिलाको प्रतिनिधित्व देखिएको छ । त्यसलाई काम गर्न चाहने र काम दिने संस्थाले निरन्तरता दिनुपर्छ ।

*तर मोफसलका पत्रकार महिलाको मुख्य समस्या आर्थिक हो । त्यसको जवाफ दिन भने त्यति सहज छैन । पत्रकारिताका प्रशिक्षक मोहन मैनाली आर्थिक रूपले महिला मात्रै होइन पुरुषलाई पनि सहज छैन भन्छन् एकादुई 'मिडिया हाउस' लाई छोडेर । यसर्थ आर्थिक रूपले सबल नभईकन पत्रकारिता गर्न असहज स्थिति रहेको मैनालीको स्वीकारोक्ति छ ।*

मैनालीले उपत्यकाबाहिरको एफएम स्टेसनमा महिला समाचार प्रमुख भएर बिहान छ बजेदेखि बेलुकी १० बजेसम्म एफएममै रहने गरेको कुरो पनि सुनाए । यस्तो मानसिकता भएका ठाउँमा काम गर्नुको औचित्य नहुने मैनालीको ठहर छ । भन्छन्, "व्यावसायिक हुन काम दिने र लिने दुवैले जान्नुपर्छ ।"

कान्तिपुरका सम्पादक वाग्लेको भनाइ सापट लिएर भन्नुपर्दा 'पत्रकारिताका दक्ष प्रशिक्षण संस्थाहरू'ले माथि उल्लेख गरिएकी मनुको पत्रकारिता पेशालाई अघि बढाउने इच्छा साकार पार्न मद्दत गर्न सक्छन् । तर ती संस्थासम्मको मनुको पहुँच सहज छ कि छैन ? आजको यक्ष प्रश्न हो यो । यसमा आरक्षण दिने हो कि ? पत्रकारिता पढ्न खोज्ने महिलालाई यति प्रतिशत सिट भन्ने हो कि ? सरकारीस्तरका शिक्षण संस्थाले महिलाका लागि छात्रावृत्ति दिन सक्छन् कि ? यी यस्ता अन्य सम्भावना हुँदै नभएकाचाहिँ होइनन् ।

पत्रकारितामा आरक्षण दिने कुराको विरुद्धमा छन् सम्पादक वाग्ले । उनको तर्क छ, "यसले पेशाप्रतिको आकर्षण घटाउँछ, महिलालाई अप्रतिस्पर्धी भन्ने सन्देश दिन्छ र तिनकै प्रतिभा, योग्यता र दक्षताको अवमँल्यन गर्छ । तर तालिम या शैक्षिक संस्थामा पढ्ने अवसरका लागि भने आरक्षणले सहयोग पुग्नेछ ।"

महासङ्घका सभापति निष्ठुरीचाहिँ अहिलेको निराशाजनक स्थितिलाई सामान्य बनाउन आरक्षण नै दिने हो कि ? भन्छन् । निष्ठुरीका विचारमा निश्चित अवधिका लागि यति प्रतिशत पत्रकार महिला राख्नैपर्ने भन्ने नीति आयो भने पत्रकारितामा महिलाको सङ्ख्या बढाउन सकिन्छ । र, त्यो सङ्ख्याको गुणात्मक वृद्धिका लागि तालिमको व्यवस्था गर्नुपर्छ, जसका लागि महासङ्घजस्ता संस्था तयार छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# मसाज केन्द्रमा महिला कामदार

*अभिभावकविहीन हुन् या द्वन्द्वपीडित महिला या घरेलु हिंसापीडित । यस्ता महिला कामको खोजीमा भौंतारिँदै राजधानी आइपुग्छन् । जीवन गुजाराका लागि भौंतारिँदै मसाज केन्द्र पुग्ने किशोरी र युवतीले त्यहाँ भोग्ने पीडा झनै दर्दनाक छन् । आवरण मसाजको भए पनि त्यहाँ उनीहरू शरीर बेच्न बाध्य हुनुपर्छ । सरकारले मसाज केन्द्रलाई व्यवस्थित गर्ने नीति नबनाउँदा थुप्रैको जीवन बर्बाद हुने गरेको छ ।*

✍ **नेहा शर्मा**

*काठमाडौं ।* मकवानपुरको हाँडीखोलाकी सुनिता लामा (नाम परिवर्तन) ले सानैमा आमाको साथ गुमाइन् । बाल्यावस्थामै आमाको निधन भएपछि सहारा दिने बाबु मात्र थिए । तर, बाबुले पनि छोरीको जिन्दगीभन्दा आफ्नै फाइदा हेरे र दोस्रो बिहे गरे । त्यसपछि त के चाहियो र ? सौतेनी आमाको व्यवहार खप्नै नसक्ने भयो । सुरुसुरुमा त सौतेनी भए पनि आमा नै हुन् भन्दै सहेर बसिन् तर अति भएपछि सहिसक्नु भएन । सुनिता घर छाडेर फुपू अनिता तामाङको सहारामा बस्न पुगिन् ।

भनिन्छ, "ओरालो लागेको मृगलाई बाच्छोले पनि लखेट्छ ।" सानैदेखि भाग्यले लखेट्दै आएकी सुनितालाई पनि त्यही भयो । उनलाई सहारा दिएकी फुपू अनिता 'आतङ्ककारीको सुराकी' भएको आरोपमा मारिइन्- सुरक्षाकर्मीबाट । त्यसपछि उनी पूरै सहाराविहीन भइन् । कहाँ जाने, के गर्ने उपाय भएन । उपाय नभएपछि उनी साथीहरूको लहैलहैमा काठमाडौं आइन् । काठमाडौंमा दुई छाक पेट भर्ने उपाय खोज्दै भौंतारिँदा मसाज पार्लर पुगिन् । अहिले उनलाई खान र बस्नको त चिन्ता छैन तर, जिन्दगी नै बर्बाद हुन थालेको महसुस हुँदैछ । मसाजमा काम गर्दै आएकी सुनिता दुःखेसो सुनाउँछिन्, "जसले जे भन्यो त्यही गर्नुपर्छ, शरीरै सुम्पनुपर्छ । छाडेर जाउँ अरू काम गर्ने सीप छैन, गरुँ त मनभरि व्यथा सहेर बस्नुपर्छ ।"

टुहुरो जिन्दगी बिताउँदाबिताउँदै मसाज पुगेकी सुनिताको भन्दा कम दर्दनाक छैन सिन्धुपाल्चोककी अनु क्षेत्री (नाम परिवर्तन) को जीवनकथा पनि । राम्रैसँग घरबार चलिरहेका बेला उनका बाबुले कान्छीस्वास्नी भित्र्याए । कान्छी

*सुनितालाई पनि सुरुमा मसाजमा 'जागिर' पाएकोमा खुसी त लाग्यो, तर के काम गर्नुपर्छ त्योचाहिँ थाहै थिएन । "यस्तो नराम्रो काम पनि मसाजमा हुन्छ भन्ने थाहै थिएन, आएपछि मात्र थाहा भयो," सुनिता भन्छिन्, "ग्राहकले जे भन्यो त्यही गर्नुपर्छ, नत्र त उनीहरू पिट्न पनि पछि पर्दैनन्, कतिले ग्राहकले भनेको नमाने कुटाइ पनि खानुपर्छ ।"*

साथमा भएपछि उनले जेठी र उनका बालबच्चालाई हेला गर्ने मात्रै होइन, हेरचाह नै गर्न छाडिदिए । जेठी छोरी भएकीले आमा र भाइबहिनीको लालनपालनको जिम्मेवारी उनकै काँधमा थपियो । काम खोज्दै काठमाडौं छिरेकी अनुले कतै काम पाइनन्, अनि सुरु भयो मसाज पार्लरको यात्रा । तर, पार्लरको कामप्रति उनलाई अहिले विरक्त लाग्न थालेको छ । कस्तो ठाउँमा भासिएँ भनेर जिन्दगी र भविष्यको चिन्ता बढ्दैछ । "मसाज पार्लर यस्तो हुन्छ होला भन्ने के थाहा, थाहा पाएको भए त आउँदिनथें होला," उनले एकै वाक्यमा त्यहाँभित्रको व्यथा सुनाइन् ।

सुनितालाई पनि सुरुमा मसाजमा 'जागिर' पाएकोमा खुसी त लाग्यो, तर के काम गर्नुपर्छ

त्योचाहिं थाहै थिएन । “यस्तो नराम्रो काम पनि मसाजमा हुन्छ भन्ने थाहै थिएन, आएपछि मात्र थाहा भयो,” सुनिता भन्छिन्, “ग्राहकले जे भन्यो त्यही गर्नुपर्छ, नत्र त उनीहरू पिट्न पनि पछि पर्दैनन्, कतिले ग्राहकले भनेको नमाने कुटाइ पनि खानुपर्छ ।” सुरुसुरुमा मसाजको व्यवहार सहन नसकेर, त्यहाँको वातावरणमा घुलमिल हुन नसकेर उनी एक्लै बसेर रोइन्, काम छाडेर जाने निधोसमेत गरिन् । तर, न घर न आफन्त भएकी सुनितालाई भाग्य नै यस्तै भएजस्तो लाग्यो र जे पर्छ सहँदै बसिन् । “अरू काम गर्ने सीप थिएन, त्यसैले जे-जस्तो भए पनि काम छाड्न सकिनँ,” उनले भनिन्, “जति दुःख सहेर भए पनि दिन गुजार्दैछु ।”

मसाजमा काम गर्ने अधिकांश किशोरी र युवतीको चित्कार नै हो यो । ११ वर्षको कलिलो उमेरमा मसाज छिरेकी अनु भन्छिन्, “गाउँबाट आएका हामीजस्ताका हातमा अरू सीप नभएपछि जस्तै नर्कमा फसे पनि काम गर्नुपर्दोरहेछ, हाम्रा पीडा कसले बुझिदिन्छ र ? सबै आफ्नै मस्ती हेर्छन् ।”

मसाज पार्लरभित्र के काम हुन्छ, त्यो त बाहिरका धेरैलाई थाहा हुँदैन । तर बिस्तारैबिस्तारै त्यहाँभित्रका विकृति सार्वजनिक हुन थालेका छन् । हिजोआज मसाज केन्द्रहरू यौनजन्य गतिविधिका केन्द्र बनेको पनि सुन्न पाइन्छ । त्यसैले मसाजमा काम गर्नेहरूले आफ्नो जिन्दगी र इज्जत बर्बाद भएको महसुस गर्न थालेका छन् । उनीहरूमा भविष्यप्रतिको चिन्ता जाग्न थालेको छ । सुनिता लामा भन्छिन्, “मसाज पार्लरभित्र मसाज मात्रै गर्नुपर्ने नियम बनाउनुपर्छ, गाउँका केटीको सोझोपनको फाइदा उठाएर गलत काम गर्नुहुन्न ।” तर उनीहरूले भोगेको यो पीडा कसले पो बुझिदेओस् र ? “लोकतन्त्र आए पनि हाम्रा लागि खै के भो त ? गाउँमा फर्केर पेट पाल्ने उपाय छैन । यहाँ बसेर पनि न त सरकारले हाम्रो पेशालाई व्यवस्थित गर्छ, न हामीले ढुक्कसँग काम गर्न पाउँछौं,” अनु पीडा र आक्रोश एकसाथ पोख्दै भन्छिन्, “देशमा शान्ति आयो तर हाम्रो मनमा सधैं अशान्ति छ ।”

मसाजमा काम गर्नेलाई साहुको हुकुम र ग्राहकको यौन दुर्व्यवहार त छँदैछ, प्रहरीले समेत सताउँछन् । मसाजमा काम गर्ने एक युवती भन्छिन्,

*सुनिता लामा भन्छिन्, “मसाज पार्लरभित्र मसाज मात्रै गर्नुपर्ने नियम बनाउनुपर्छ, गाउँका केटीको सोझोपनको फाइदा उठाएर गलत काम गर्नुहुन्न ।” तर उनीहरूले भोगेको यो पीडा कसले पो बुझिदेओस् र ? “लोकतन्त्र आए पनि हाम्रा लागि खै के भो त ? गाउँमा फर्केर पेट पाल्ने उपाय छैन । यहाँ बसेर पनि न त सरकारले हाम्रो पेशालाई व्यवस्थित गर्छ, न हामीले ढुक्कसँग काम गर्न पाउँछौं,” अनु पीडा र आक्रोश एकसाथ पोख्दै भन्छिन्, “देशमा शान्ति आयो तर हाम्रो मनमा सधैं अशान्ति छ ।”*

“प्रहरीले ‘धन्दा’ गरेको भन्दै समात्छन् र जबर्जस्ती गर्न खोज्छन्, मानेन भने लगेर थुन्छन् ।” तर, प्रहरी नायव उपरीक्षक मीरा चौधरी उनीहरू प्रहरीले यसो गर्‍यो, उसो गर्‍यो मात्र भन्ने गरेको तर त्यसबारे केही प्रष्ट नभन्ने भएकाले समस्या भएको बताउँछिन् । “कसले, कहिले, के गर्‍यो भनेर किटानीसाथ उजुरी गर्न कोही आउँदैनन्,” उनले भनिन्, “सत्य घटना विवरण लिएर महिला सेलमा उजुरी गरे हामी कारबाही गर्छौं, तर त्यस्तो उजुरी नै आउँदैन ।”

मसाजमा यौनजन्य गतिविधि सामान्य लाग्छ । मसाज पार्लरमा महिलाभन्दा पुरुष नै बढी जान्छन्, बहाना मसाजको भए पनि उनीहरूको उद्देश्य महिला कामदारसँग शारीरिक सन्तुष्टि लिनु हुन्छ । ठमेलस्थित एक मसाज पार्लरकी सञ्चालिका खुलेआम भन्छिन्, “मसाज पार्लर चलाउने भन्नासाथ साहुले महँगो घरभाडा लिन्छ, त्यही भाडा उठाउन अलिअलि त्यस्ता काम गर्नेपर्छ । सरकारले मसाज सञ्चालनको नीतिनियम बनाओस्, हामी पनि त्यस्तो

काम गराउँदैनौं ।" सरकारले त्यसो गरिदिए मसाजमा गलत काम हुँदैन भन्ने सन्देश जाने र घरभाडा पनि सस्तो हुने उनको बुझाइ छ ।

मसाजमा काम गर्नेले तोकेको तलबको एक चौथाइ मात्र पाउँछन्, त्यही पनि समयमा उनीहरूको हात पर्दैन । बाँकी पैसा साहुले नै लिने गर्छन् । एक कामदार दुःखेसो सुनाउँछिन्, "हामीले शरीर बेचेको पैसा साहुले लान्छ, कोठाभाडा तिर्ने पैसा पनि समयमा दिँदैन ।" गैरसरकारी संस्था रक्षा नेपालले यस्ता महिलाहरूमा गरेको अध्ययनअनुसार, राजधानीभित्र तीन सयभन्दा बढी मसाज केन्द्र र तिनमा पाँच सय महिला कार्यरत छन् । धेरैजसो १२ देखि २५ वर्ष उमेरका छन् । केही दर्ता भए पनि कतिपय पार्लर दर्ताबिनै अवैध रूपमा सञ्चालित छन् । तिनमा सरकारी निकायले अनुगमनसम्म गरेको पाइँदैन । मसाजमा काम गर्ने महिलाका लागि कार्यरत संस्थाका अनुसार प्रहरीले बेलाबेलामा अनुगमन गरे पनि उनीहरू पैसामा बिक्ने गर्छन् ।

मसाजका महिलाका लागि काम गर्दै आएको संस्था रक्षा नेपालका अनुसार अहिले मसाज केन्द्रहरूलाई व्यवस्थित पार्न सञ्चालक र कामदार महिलाहरूलाई सीपमूलक तालिम दिन थालिएको छ । हालसम्म ३५ जनालाई तालिम दिइएको बताउँदै अध्यक्ष मेनुका थापा भन्छिन्, "मसाज पार्लरलाई व्यवस्थित गर्न सकिएमा यसबाट धेरै महिलाले रोजगारी पाउन सक्छन् । पेशा नराम्रो होइन, महिलालाई सम्मानित तरिकाले यो पेशामा टिक्ने वातावरण बनाउन यसभित्रका विकृति हटाउन जरुरी छ ।"

*मसाजमा काम गर्नेले तोकेको तलबको एक चौथाइ मात्र पाउँछन्, त्यही पनि समयमा उनीहरूको हात पर्दैन । बाँकी पैसा साहुले नै लिने गर्छन् । एक कामदार दुःखेसो सुनाउँछिन्, "हामीले शरीर बेचेको पैसा साहुले लान्छ, कोठाभाडा तिर्ने पैसा पनि समयमा दिँदैन ।"*

अव्यवस्थित तरिकाले सञ्चालन हुने मसाज केन्द्रमा यौनजन्य विकृति बढ्दै गएकाले त्यहाँका कामदारमा एचआईभी/एड्सजस्ता डरलाग्दा रोगको सङ्क्रमण पनि बढ्न सक्छ । मसाज सञ्चालक, प्रहरी प्रशासन तथा अन्य निकायको ज्यादति मसाजका कामदारमा बढेको छ भने त्यहाँका कामदार समाजमा घृणाको पात्र बनेका छन् । यो अवस्थामा मसाज केन्द्रहरूलाई व्यवस्थित गर्ने दायित्व सरकारको हो । त्यसो भएमा अनु र सुनिताजस्ता असहाय युवती र किशोरीले समाजमा घृणाको पात्र बनेर जिन्दगी बर्बाद पार्नुपर्ने थिएन, बरु आफ्नो पेशामा गर्व गर्नसक्थे, परिवार पाल्ने जिम्मेवारी पूरा गर्न सक्थे । पर्याप्त शिक्षा र सीपबाट बन्चित महिलाको रोजगारीको माध्यम बनेका मसाज केन्द्रलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरकारले सोच्नुपर्ने बेला भएन र ?

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# हिंसापीडित बालिका बने अहिंसाका पुजारी

*चौध वर्षीया विषाशलाई छिमेकी दाजुले श्रीमती कुटेको देख्दा दिक्क लाग्यो । छोरी हुनु भनेको बिहे गरेर अर्काको घरमा जान र लोग्नेको पिटाइ खान मात्र रहेछ भन्ने उनलाई लाग्यो । त्यसबाट मुक्ति पाउन उनले बुद्ध शिक्षा उपयुक्त ठानिन् र भिक्षुणी बनिन् ।*

**✍ रेखा भुसाल**

*बुटवल ।* बाह्र वर्षको कलिलो उमेर । लाउँलाउँ र खाउँखाउँ लाग्ने बेला । तर उनमा यस्ता कुनै रहर छैनन् । कपाल खौरिएकी छन् । नाक, कान, घाँटी सबै बुच्चै छन् । शरीरमा गेरु रङ्गका वस्त्रहरू मात्र छन् ।

उनी बिहान चार बजे उठ्छिन् । र, बुद्ध मन्दिर (बिहार) को सरसफाइमा जुट्छिन् । त्यसपछि बुद्ध पूजा गर्छिन् र स्कुल जान्छिन् । स्कुलबाट फर्केपछि उनको नित्य काम हुन्छ- परियति शिक्षा अर्थात् बुद्ध शिक्षा लिनु ।

रूपन्देही लक्ष्मीपुरकी सीमा यादवको दिनचर्या ठ्याक्कै यसैगरी बित्छ । उमेरका हिसाबले साह्रै चञ्चले हुनुपर्ने यिनै बालिका आजभोलि छन्दावती गुरुआमाको नामले चिनिन्छिन् ।

सीमाले पारिवारिक तनावबाट मुक्ति पाउनका लागि एक वर्षअघि यस्तो बाटो रोजेकी थिइन् । उनले पढेर ठूलो मान्छे बन्ने सपना बुनेकी थिइन् । तर कलिलै उमेरमा बिहे गरिदिने बाबुआमाको निर्णयले उनलाई विक्षिप्त बनायो । बाल मस्तिष्कमा नकारात्मक प्रभाव परेपछि उनले घर छाड्ने निर्णय गरिन् । त्यसै बेला गौतमी भिक्षुणी बिहारमा स्वयम्सेवकको काम गर्दै आएका मोतिलाल यादवले भेट्याएर उनलाई बिहारमा लगे । र, भिक्षुणी बन्न प्रेरणा दिए । मोतिलाल सीमाकै दाजु हुन् । उनी केही वर्षअघिदेखि बुद्ध बिहारमा समर्पित छन् ।

अहिले उनले ती सबै तनाव बिर्सिएकी छन् । र, अरूलाई पनि सकारात्मक सन्देश दिन व्यस्त छन् । त्यसका अलावा उनले पढेर ठूलो मान्छे बन्ने सपना पूरा गर्न अध्ययनलाई पनि अघि बढाउँदै छन् । स्थानीय लिन्सन बुद्धिष्ट बोर्डिङ स्कुल झुलनीपुरमा उनी तीन कक्षामा अध्ययनरत छन् ।

*धनगढी राजापुर- ९ की एघार वर्षीया मीरा रानालाई भने आफ्नै बुबाले लुम्बिनीमा ल्याएका थिए । घरमा सौतेनी आमाले हेला गरेकोले आफूलाई बुबाले बिहारमा ल्याएको मीराले बताइन् । उनी एक वर्ष पहिले लुम्बिनी आएकी हुन् । सानै उमेरमा उनले आमा गुमाइन् । त्यसपछि सानीआमाबाट मानसिक यातना पाएकी थिइन् । बुद्ध बिहारमा आएर आनन्दले पेटभरि खाना र पढ्नसमेत पाएकोमा उनी निकै खुसी छन् ।*

स्कुलमा सानो कक्षामा पढे पनि बिहारमा भने उनी गुरुआमा हुन् ।

यति थोरै उमेर भएकी र सानो कक्षामा पढ्ने यी बालिका कसरी गुरुआमा बनिन् ? धेरैलाई आश्चर्य लागे पनि बुद्ध शिक्षामा यो कुरा सामान्य मानिन्छ । बुद्ध शिक्षामा भिक्षुणी बन्ने क्रमको तीनमहिने प्रारम्भिक तालिम उत्तीर्ण गर्न सफल भएकाहरूलाई गुरुआमा भन्ने प्रचलन छ ।

धनगढी राजापुर- ९ की एघार वर्षीया मीरा रानालाई भने आफ्नै बुबाले लुम्बिनीमा ल्याएका थिए । घरमा सौतेनी आमाले हेला गरेकोले आफूलाई बुबाले बिहारमा ल्याएको मीराले बताइन् । उनी एक वर्ष पहिले लुम्बिनी आएकी हुन् । सानै उमेरमा

*कतिपय बालिकाहरू बुद्ध शिक्षा र धर्मबाटै प्रभावित भएर यो क्षेत्रमा लागे पनि पछिल्ला दिनमा घरेलु हिंसाबाट पीडित भएकाले पनि यस्तो मार्ग रोज्न थालेका छन् । जसका कारण तनावबाट टाढा रहन र सकारात्मक सोचको विकासमा सघाउ पुगेको भुक्तभोगीको अनुभव छ ।*

उनले आमा गुमाइन् । त्यसपछि सानीआमाबाट मानसिक यातना पाएकी थिइन् ।

बुद्ध बिहारमा आएर आनन्दले पेटभरि खाना र पढ्नसमेत पाएकोमा उनी निकै खुसी छन् । भन्छिन्, "यहाँ आएर मैले अरूलाई दुःख दिनुहुन्न भन्ने ज्ञान सिकेकी छु । र, अरूलाई पनि यही सिकाउँछु ।"

घरेलु हिंसा, गरिबी र अशिक्षाले सताइएका मात्र होइन सम्पन्न परिवारका छोरीहरू पनि भिक्षुणी हुनेक्रम बढ्दो छ ।

भक्तपुर ठिमीको विनायक शिक्षा निकेतनमा पढ्दै आएकी १२ वर्षीया निशा र १३ वर्षीया दीपा पनि आजभोलि भिक्षुणी बनेका छन् । यी दुवै बालिका भने बुद्ध धर्मप्रति आफ्नो आस्थाका कारण भिक्षुणी बनेको बताउँछन् ।

निशा भन्छिन्, "सानैदेखि भिक्षु-भिक्षुणीलाई देख्दा कसरी भए होलान्, म पनि बन्न पाए हुन्थ्यो ? जस्तो लाग्थ्यो । पछि बाजेले र आमाबुबाले पनि तिमी बन भनेपछि भिक्षुणी बनेकी हुँ ।"

तर उनीसँगै आएकी दीपाको धारणा भने अलि फरक छ । बुद्धको ज्ञान, दर्शनका अलावा देश-विदेश घुम्न पनि पाइने हुँदा आफू यहाँ आएको बताउँछिन् ।

उनी भन्छिन्, "पढ्नु भनेको ज्ञान हासिल गर्नु हो । स्कुलको पढाइको साथसाथै बुद्धको ज्ञान, दर्शन सिकेपछि देश-विदेश जान पाइने र आफूसँग भएको ज्ञान अरूलाई पनि बाँड्न पाइने भएकाले मलाई भिक्षुणी बन्न मन लागेको हो ।" काटमार नगर्नु भन्ने बुद्धको उपदेशबाट निकै प्रभावित यी बालिका बाँचुन्जेल बुद्धका अर्ती, उपदेशको प्रचार-प्रसारमा लाग्ने बताउँछिन् ।

कतिपय बालिकाहरू बुद्ध शिक्षा र धर्मबाटै प्रभावित भएर यो क्षेत्रमा लागे पनि पछिल्ला दिनमा घरेलु हिंसाबाट पीडित भएकाले पनि यस्तो मार्ग रोज्न थालेका छन् । जसका कारण तनावबाट टाढा रहन र सकारात्मक सोचको विकासमा सघाउ पुगेको भुक्तभोगीको अनुभव छ ।

यस्तै अनुभव संगाल्नेमध्येकी अर्की एक पात्र हुन्- विषाशा महर्जन । काठमाडौं थानकोटकी १४ वर्षीया विषाशालाई छिमेकी दाजुले श्रीमती कुटेको देख्दा दिक्क लाग्यो । छोरी हुनु भनेको बिहे गरेर अर्काको घरमा जान र लोग्नेको पिटाइ खान मात्र रहेछ भन्ने उनलाई लाग्यो । त्यसबाट मुक्ति पाउनका लागि उनलाई बुद्ध शिक्षा उपयुक्त लाग्यो ।

उनी भन्छिन्, "के थाहा आज हाम्रा आमा, दिदी, भाउजूले भोगेको पीडा भोलि मैले पनि भोग्न नपर्ला भन्ने ? हामी उपभोग्य वस्तुको रूपमा नबाँचौं, मानिसको जीवन कुकार्य गर्नका लागि होइन । त्यसैले त मैले यो सुमार्ग रोजेकी हुँ ।"

लुम्बिनीमा रहेको गौतमी भिक्षुणी बिहारमा पछिल्लोपटक गुरुआमा बनेकाहरूको सङ्ख्या एक दर्जनभन्दा बढी छ । लुम्बिनीकै शान्तिवन बिहार, पुरानो बुटवलमा पद्म चैत्य बिहार, डिंगरनगरको अन्तर्राष्ट्रिय परियति बिहार, पाल्पा तानसेनको आनन्द बिहार, त्यस्तै पनौती, बनेपा, चोभार, पोखराको धर्मशिला बौद्ध बिहारलगायतका ठाउँहरूमा भिक्षुणीहरू रहँदै आएका छन् ।

उपत्यकाभित्र रहेका विभिन्न बिहारहरूमध्ये धर्मकीर्ति बिहारमा सबैभन्दा बढी भिक्षुणीहरू छन् ।

ती बिहारहरूमा भिक्षुणीहरू हरेक काम एक-आपसमा मिलेर गर्छन् । साँझ-बिहानको आधा घण्टा बुद्ध पूजाको अलावा उनीहरूको धेरै समय ध्यानमै बित्ने गर्छ । छुट्टीमा वा फुर्सदको समयमा घुम्न जाने र अन्य बिहारको अवलोकन पनि गर्छन् उनीहरू ।

"मिलेर काम गर्दा निकै आनन्द आउँछ । पुराना तनावका कुराहरू सबै बिर्सिइन्छ । सकारात्मक कुराहरूको मात्र चिन्तन हुन्छ," विषाशा बताउँछिन् ।

भिक्षुणी बनेपछि सबै खालका तनावबाट मुक्त भइने र सकारात्मक सन्देश दिन सकिने

गौतमी भिक्षुणी बिहार लुम्बिनीको रेखदेखको जिम्मा पाएकी खमेसी गुरुआमा बताउँछिन् । उनका अनुसार बिहारमा आएपछि सबैभन्दा पहिले त कपाल मुण्डन गरी नाक, कान, घाँटीका सबै गरगहना फुकालिन्छ । त्यसपछि उनीहरूलाई तीन महिनासम्म बुद्धको सङ्क्षिप्त जीवनी, बुद्धबन्दना, परित्राण र बौद्ध संस्कारका बारेमा राम्ररी पढाइन्छ । यो समयावधिसम्म उनीहरूलाई ऋषिनी भन्ने गरिन्छ । यो अवधिमा उनीहरूले भिक्षुणी भइसकेपछि पालना गर्नुपर्ने धेरै कुराहरूको साथसाथै मुख्य अष्टशीलका बारेमा पनि राम्ररी जानिसकेका हुन्छन् ।

यस्तो तालिममा उत्तीर्ण भएपछि मात्र उनीहरूलाई गेरुवा रङ्गको चिवरको सट्टा हल्का गुलावी रङ्गको चिवर पहिराइन्छ । र, उनीहरूको नाम परिवर्तन गरी ऋषिनीबाट गुरुआमा वा अनागरिका भन्न थालिन्छ । खमेसी गुरुआमाको भनाइमा पाली (बुद्धकालीन) भाषाअनुसार त्यस्तो नाम राखिएको हो ।

पद्मचैत्य बिहार बुटवलका प्रथम उपाध्यक्ष विमलबहादुर शाक्यका अनुसार नेपालमा अनागरिका अर्थात् भिक्षुणीहरूलाई सङ्गठित गर्ने कामको सुरुवात अग्रगन्य गुरुआमा धम्मावतीबाट भएको हो । अहिले धेरै भिक्षुणीहरू सङ्गठित रूपमा बुद्ध धर्मको प्रचार-प्रसारमा लागेका छन् ।

नेपालमा बौद्ध धर्मावलम्बीहरूबीच महिलालाई भिक्षुणी भन्नेबारे भने एकमत देखिँदैन । शाक्यका अनुसार भिक्षुणी परम्परालाई पहिलेदेखि

*उनी भन्छिन्, "के थाहा आज हाम्रा आमा, दिदी, भाउजूले भोगेको पीडा भोलि मैले पनि भोग्न नपर्ला भन्ने ? हामी उपभोग्य वस्तुको रूपमा नबाँचौं, मानिसको जीवन कुकार्य गर्नका लागि होइन । त्यसैले त मैले यो सुमार्ग रोजेकी हुँ ।"*

निरन्तरता दिन नसकेकोले भिक्षुणी नभनी अनागरिका वा गुरुआमा भन्ने गरिएको हो । नेपाल भिक्षु महासङ्घले उनीहरूलाई गुरुआमा वा अनागरिका नै भनिनुपर्ने अडान लिँदै आएको छ । बौद्ध महिलाहरूले भने आफूहरूलाई भिक्षुणी नै भनिनुपर्ने अडान राख्दै आएका छन् ।

जतातत‍ै महिला मुक्तिका आवाज उठिरहेका बेला भिक्षुणी बन्ने रहरले महिला मुक्तिमा के योगदान पुग्ला ? यो प्रश्नको उत्तर सजिलै नभेटिए पनि भिक्षुणी मार्ग रोजेका हिंसापीडित महिलाहरूले त्यस्तो हिंसाबाट मुक्ति पाएको अनुभव भने संगालेका छन् । उनीहरूले सकारात्मक सोच र अहिंसाको सन्देशलाई विस्तार गरिरहेका छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आत्मनिर्भरतातर्फ दलित महिला

*लोग्नेले छाडेका, द्वन्द्वमा लोग्ने मारिएपछि बिचल्लीमा परेका र समाजको जातीय भेदभाव र उत्पीडन खेप्दै आएका दाङका दलित महिलाहरू आफ्नै बलबुताले पाखुरा खियाउने भएका छन् । उनीहरूले देखाएको सानो साहसले दैनिक गुजारा मात्र चलाएको छैन, अनपढ भए पनि लोग्नेको कृपामा बाँच्नुपर्दैन भन्ने गतिलो पाठसमेत सिकाएको छ ।*

✍ रिता रेग्मी

*दाङ ।* आफ्नै गाउँका मदनलाल चौधरीसँग मायाप्रीति बसेपछि मंगली नेपालीले उनैसँग अन्तरजातीय बिहे गरिन् । मन पराएर बिहे भएकाले लोग्नेले राम्रो व्यवहार गर्थे र घरपरिवारबाट पनि सहयोग मिलेको थियो । तर, यो अवस्था लामो समय रहेन । इष्टमित्रले 'पानी नचल्ने' जातकी केटी बिहे गऱ्यो भन्दै मदन र परिवारलाई कान भर्न थाले । त्यसपछि परिवार मात्रै होइन, लोग्नेको पनि व्यवहार बदलियो । जातलाई आधार बनाउँदै दुर्व्यवहार मात्रै गर्ने होइन, कुटपिटमै उत्रे मदन । त्यसपछि काखको बच्चा हुँदाहुँदै उनले आफ्नै जातकी केटी बिहे गरी भारततिर लागे ।

प्रेम गरेर घर भित्र्याइएकी मंगलीमाथि नसोचेकै बज्रपात भयो । त्यो घरमा उनका लागि ठाउँ रहेन । त्यसैले उनी माइतीको सहारामा बस्न थालिन् । तर बिहे भएकी चेली सधैं माइतीकै भर बस्नुपर्दा माया होइन हेला हुन थाल्यो । त्यसैले उनले आफैं केही गरेर पालिने निश्चय गरिन् । संयोग पनि कस्तो, त्यही बेला नगरपालिकाले द्वन्द्व र घरेलु हिंसापीडित महिलालाई आयमूलक तालिम दिँदै थियो । आफूलाई सजिलो हुने सिलाइकटाइ तालिम पूरा गरेपछि अहिले मंगलीमा आत्मनिर्भर हुने विश्वास बढेको छ । लोग्नेले 'सानो जातकी' भनेर छोडेको पीडा कम भएको महसुस हुँदैछ । दुई वर्षको छोरा र आफ्नो खर्च आफैं धान्न सक्ने अवस्थामा पुगेकी छिन् उनी । "आफैं काम गर्न थालेपछि बाँच्ने आधार पाइयो जस्तो लागेको छ," त्रिभुवननगर नगरपालिका- १ खिरटियाकी मंगली भन्छिन्, "अब लोग्नेले हेरोस्-नहेरोस्, मेरो बच्चा म आफैं पाल्न सक्छु ।"

*त्रिभुवननगरकै भृकुटीनगरकी पप्पु सुनारलाई समाजले गरेको हेला र दुर्व्यवहारले आफूले पनि केही काम गरेर देखाउने धोको छ । सीप सिकेर समाजमा छुट्टै पहिचान बनाई उनी सम्मानपूर्ण जीवनयापन गर्न चाहन्छिन् । "गल्ती केही नभए पनि सानो जातकी हो भनेर भिन्दैखाले व्यवहार र बोली पनि तल्लो स्तरको प्रयोग गर्छन्," उनी भन्छिन्, "त्यसैले केही सीप सिकेर उनीहरूका अगाडि शिर ठाडो गरेर देखाउन चाहन्छु ।"*

हातमा उच्च शिक्षाको सर्टिफिकेट त छैन उनीहरूसँग । तर पनि सामान्य सीप सिकेका दाङका दलित महिलाहरू द्वन्द्व र परिवारको हिंसाले पारेको बिचल्लीबाट मुक्त हुने प्रयास गर्दैछन् । त्रिभुवननगर नगरपालिका- खिरटियाकै पार्वती नेपालीका लोग्ने प्रेमबहादुरलाई ०५९ असार ८ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा हत्या गरे । लोग्नेकै कमाइले पालिएकी तीन सन्तानकी आमा पार्वतीको त्यसपछि बिचल्ली भयो, उनी सहाराविहीन भइन् । लोग्नेको हत्यापछि सहाराविहीन भएकी पार्वती जीवन गुजाराकै क्रममा यौनशोषणको शिकार बनिन् । त्यही

क्रममा अवैध गर्भ रह्यो र बच्चासमेत जन्मियो । लोग्ने मरेको केही वर्षपछि बच्चा जन्मियो । गाउँलेहरूले 'चरित्रहीन' को आरोप लगाउन थाले । छरछिमेक कसैले पनि सहयोग गरेनन् । कति दिन त सुत्केरी अवस्थामा भोकभोकै बस्नुपर्‍यो उनले ।

आफ्नो जग्गा थिएन, ऐलानी जग्गामा ठड्याएको छाप्रो पनि कुन दिन कसले कब्जा गरेर लखेटिदिने हो भन्ने चिन्ता थियो । द्वन्द्वपीडितलाई विभिन्न सङ्घसंस्थाले सहयोग गरेको उनले सुनेकी थिइन्, तर उनलाई सहयोग गर्न कोही आएन । त्यसैले उनले आफैं केही गरिखाने निधो गरिन् । "अप्ठ्यारो पर्दा कसैको सहयोग पाइएन, गरिखाने आफ्नो जग्गा थिएन, चार छोराछोरी पाल्न गाह्रो भयो," पार्वती भन्छिन्, "त्यसपछि आफैं केही गर्नुपर्‍यो भनेर तालिम लिएँ र यो काम सुरु गरेँ ।" सिलाइकटाइ तालिम लिएपछि अहिले उनी गाउँलेका कपडा सिलाएरै गुजारा गर्दैछिन् । "हातमा सीप भयो भने केही न केही गरेर खाना सकिने रहेछ," यसअघि कहिल्यै सियोधागो नसमाएकी उनी भन्छिन्, "आफ्नै कमाइले बाँच्न थालेपछि धेरै पीडा कम हुँदै जानेरहेछ ।"

स्थानीय निकायले बिचल्लीमा परेका महिलालाई दिने सामान्य सीपमूलक तालिमले पनि उनीहरूको जीवनमा ठूलै परिवर्तन ल्याएको छ । लोग्नेले छाडेपछि र लोग्ने मारिएपछि बिचल्लीमा परेका मंगली र पार्वती त्यसैका उदाहरण हुन् । त्रिभुवननगर नगरपालिकाका २४ जना उनीजस्तै बिचल्लीमा परेका दलित महिला अहिले आत्मनिर्भर बन्ने बाटोमा लम्किएका छन् । साधारण लेखपढ मात्र गर्न सक्ने यी महिलाहरूमा आफैं केही गरौं भन्ने आत्मविश्वास बढेको छ ।

यसैबाट उत्साहित दलित समुदायका अन्य महिलाहरू पनि अब आफ्नै खुट्टामा उभिएर केही गर्नुपर्छ भन्न थालेका छन् । त्रिभुवननगर- पनौराकी मनु नेपाली दैनिक ज्याला-मजदुरीले परिवारको गुजारा गर्दै आएका लोग्ने शोभारामलाई सघाउन चाहन्छिन् । उनी भन्छिन्, "दिनरात काममै खटेर परिवारको लालनपालनमा जुट्ने लोग्नेलाई केही गरेर सघाउन चाहन्छु ।" त्यसका लागि उनले सिलाइकटाइ तालिम लिन थालेकी छिन् । "जग्गा-जमिन छैन, ज्याला-मजदुरीको काम पाए छाक टर्छ नत्र खर्च चलाउन ऋण खोज्दै हिँड्नुपर्छ," उनी भन्छिन्, "आफ्ना हातमा सीप भए त कसैसँग हात पसार्दै हिँड्नुपर्दैन ।" आफूले सीप सिकेर त्यसलाई व्यवसायकै रूपमा लैजाने उनको धोको छ ।

*नगरपालिकाका कार्यकारी अधिकृत कृष्ण गौतम समाजले जबर्जस्ती पछाडि धकेल्न खोजेको दलित समुदायलाई लक्षित गरी आयआर्जनका सीपमूलक तालिम सञ्चालन गर्न लागिएको बताउँछन् । यसले बिचल्लीमा परेका महिलाको उद्धार हुने त छँदैछ, समुदायमा गरिबी न्यूनीकरण गर्ने अभियानलाई समेत सघाउ पुर्‍याएको छ । भन्छन्, "उनीहरूले सिकेको सीपबाट कोही व्यवसाय गर्न चाहन्छन् भने हामी समूहमार्फत ऋण सहयोग पनि गर्छौं ।"*

त्रिभुवननगरकै भृकुटीनगरकी पप्पु सुनारलाई समाजले गरेको हेला र दुर्व्यवहारले आफूले पनि केही काम गरेर देखाउने धोको छ । सीप सिकेर समाजमा छुट्टै पहिचान बनाई उनी सम्मानपूर्ण जीवनयापन गर्न चाहन्छिन् । "गल्ती केही नभए पनि सानो जातकी हो भनेर भिन्दैखाले व्यवहार र बोली पनि तल्लो स्तरको प्रयोग गर्छन्," उनी भन्छिन्, "त्यसैले केही सीप सिकेर उनीहरूका अगाडि शिर ठाडो गरेर देखाउन चाहन्छु ।"

त्यसै त कमजोर अवस्थाका दलित महिलाहरू झन् घरपरिवारको हेला र दुर्व्यवहारले झनै दयनीय अवस्थामा छन् । बिजोक यतिसम्म छ कि साँझबिहानको छाक जुट्यो भने पनि धेरैथोक भएको ठान्नुपर्छ । त्यसमाथि शिक्षामा पहुँच नभएकाले कामै नपाउने बेरोजगारीको समस्या पनि डरलाग्दो छ । यही बिजोकमा बाँचिरहेका दलित महिला आफैं केही गरेर आत्मनिर्भर बन्ने बाटोमा अग्रसर भएका छन् । त्रिभुवननगरका यी दलित

महिलाहरू सम्पत्ति र पेशा केही नभएपछि आफैं केही गरिखाने निश्चय गरेर सियोधागोसँग खेल्नु त्यही सङ्केत हो ।

दलित महिलालाई सिलाइकटाइलगायत प्रशिक्षण दिइरहेका प्रशिक्षक विष्णु थापा जीवनदेखि नै निराश भइसकेका महिलाहरू अहिले सीप सिकेपछि उत्साहित बनेको बताउँछन् । "नपढेको मानिसले पनि गर्न सक्ने सजिलो पेशा भएकाले उनीहरू उत्साहित छन्," थापा भन्छन्, "उनीहरूको मेहनतले आयआर्जनको राम्रो बाटो समातेको छ ।" उनी उद्योग चलाउन सक्ने यस्ता महिलालाई लामो अवधिको तालिमसमेत दिन थालिएको बताउँछन् ।

नगरपालिकाका कार्यकारी अधिकृत कृष्ण गौतम समाजले जबर्जस्ती पछाडि धकेल्न खोजेको दलित समुदायलाई लक्षित गरी आयआर्जनका सीपमूलक तालिम सञ्चालन गर्न लागिएको बताउँछन् । यसले बिचल्लीमा परेका महिलाको उद्धार हुने त छँदैछ, समुदायमा गरिबी न्यूनीकरण गर्ने अभियानलाई समेत सघाउ पुऱ्याएको छ । भन्छन्, "उनीहरूले सिकेको सीपबाट कोही व्यवसाय गर्न चाहन्छन् भने हामी समूहमार्फत ऋण सहयोग पनि गर्छौं ।" दाङमा दलित महिलालाई मात्रै लक्षित गरी सञ्चालन गरिएको यो पहिलो कार्यक्रम हो । स्थानीय निकायको यो पहलले बिचल्लीमा परेका धेरै महिलाको उद्धार गर्न थालेको छ । देशभर पनि स्थानीय निकायको यस्तो पहल विस्तार गर्नसके दलित समुदायले 'सरकार हाम्रा लागि पनि रहेछ' भन्ने महसुस गर्न पाउनेछ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सामुदायिक वनमा महिलाको नेतृत्व

**केही समयअघिसम्म वनमा महिलाको कुनै अधिकार थिएन । जङ्गल गएर एक भारी दाउरा खोजेर ल्याए पनि बेच्ने र आम्दानी लिने पुरुषले नै गर्दथे । तर, अहिले त्यो अवस्था छैन । तिनै महिलाहरू अहिले वनको नेतृत्वमा पुगेका छन् । नेतृत्वमा पुगेका उनीहरूले वनमा विभिन्न नयाँ र उत्पादनमूलक काम गरेर सबैलाई चकित पनि पारेका छन् । समाजका हरेक क्षेत्रमा महिलाको नेतृत्वसँगै वनमा पनि यस्तो परिवर्तन आएको हो ।**

**✍ स्मिता अधिकारी**

*पोखरा ।* केही समयअघिसम्म वनमा महिलाको कुनै अधिकार थिएन । जङ्गल गएर एक भारी दाउरा खोजेर ल्याए पनि बेच्ने र आम्दानी लिने पुरुषले नै गर्दथे । तर, अहिले त्यो अवस्था छैन । तिनै महिलाहरू अहिले वनको नेतृत्वमा पुगेका छन् । नेतृत्वमा पुगेका उनीहरूले वनमा विभिन्न नयाँ र उत्पादनमूलक काम गरेर सबैलाई चकित पनि पारेका छन् । समाजका हरेक क्षेत्रमा महिलाको नेतृत्वसँगै वनमा पनि यस्तो परिवर्तन आएको हो ।

परिवर्तनका ताजा उदाहरण कास्की जिल्लाका सामुदायिक वनहरू हुन् । सामुदायिक वन गगनगौंडाकी अध्यक्ष सुनमाया नेपाली भन्छिन्, "संसद्ले हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता गराउने घोषणा गरेपछि वनको नेतृत्व लिन महिलाहरू अघि बढ्न थालेका हुन् ।"

हुन पनि दश वर्षअघिसम्म नेतृत्वको कुरा धेरै टाढा थियो । सहभागिता पनि शून्य थियो । तर, अहिले कास्कीमा नौ सामुदायिक वनमा महिलाले नेतृत्व लिइसकेका छन् । अन्यमा पनि पचास प्रतिशतभन्दा बढी सहभागिता महिलाकै छ ।

कास्कीमा ४ सय ४६ सामुदायिक वन छन् । यो तुलनामा महिलाले नेतृत्व लिएको सङ्ख्या निकै कम हो । तर, महिलाहरूले यसलाई ठूलो उपलब्धि ठानेका छन् । सामुदायीक वन गगनगौंडाकी अध्यक्ष नेपाली भन्छिन्, "महिलाहरू नेतृत्वमा आउन खोज्नु नै ठूलो कुरा हो । अन्यमा पनि पचास प्रतिशतभन्दा बढी महिला सहभागिता

छ। उनीहरू पनि एक दिन नेतृत्वमा पुग्नेछन्।"

नेपालीले चार/पाँच महिनाअघि मात्रै १३ जना सदस्य लिएर गगनगौंडा सामुदायिक वनको नेतृत्व लिएकी हुन्। उनले ३ सय ८० घरधुरीको नेतृत्व लिएकी छिन्। वनको क्षेत्रफल ५७ हेक्टर छ। महिलाले नेतृत्व लिनुअघि आम्दानी र स्रोतमा पुरुषको मात्रै पहुँच हुने गर्दथ्यो। तर, उनी आएपछि यो अवस्थामा ठूलै फेरबदल आएको छ। उनी भन्छिन्, "वनको आम्दानी ठूलै हुने हुनाले वनको स्रोतको परिचालनमा पनि हामी आफैं लागेका छौं।"

कास्कीका गगनगौंडा, भरतपोखरी, कृस्ती, अर्मला, धिताल, राँखी र राजाचौताराका सामुदायिक वनमा महिलाले नेतृत्व लिएका छन। "ती सबै वनका आम्दानी र स्रोतमा पहिलेभन्दा वृद्धि भएको छ," स्थानीयवासीहरू सुनाउँछन्।

वन र वातावरण विनाशको असर प्रत्यक्ष महिलामाथि बढी देखिन्छन्। त्यसैले वातावरण संरक्षणको काममा महिलालाई संलग्न गराउनुपर्छ भन्ने मान्यता विश्वमा धेरै अघि आएको हो। तर, नेपालमा महिलालाई विश्वास नगर्ने पुरुष मान्यताको हावी थियो। जसले गर्दा वातावरण संरक्षणको काममा महिलाले नेतृत्व लिनु धेरै टाढाको कुरा बनेको थियो।

अहिले जनआन्दोलनले ल्याएको राजनीतिक परिवर्तनले महिलाहरूमा ठूलो चेतना आएको छ। महिला सहभागिताको घोषणाले उनीहरू हौसिएका छन्। महिलाहरू बल्ल सामुदायिक वनका नेतृत्वमा पनि पुग्न थालेका छन्। सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष कृष्णप्रसाद तिमिल्सेना भन्छ, "महिलाहरूले छोटै अवधिमा देखाएको कुशल नेतृत्वले पुरुषभन्दा महिलाले गर्न सक्छन् भन्ने प्रमाणित भएको छ।"

सामुदायिक वनबाट हुने मुख्य आम्दानी उपभोक्ताबाट लिइने शुल्क र ढलेका काठ र जडिबुटी बिक्रीबाट आउने आम्दानी मात्र हो। महिलाले नेतृत्व लिएपछि ती आम्दानीका अनुपात बढेका छन्। विगतका वर्षमा भन्दा महिलाहरूको सहभागिता पनि बढेको छ। सहभागिताले हौसिएका उनीहरूले आयआर्जनका कार्यक्रम भनेर आम्दानीको नयाँ पाटो पनि खोलेका छन्।

आयआर्जनका कार्यक्रममा महिलाहरूले वनमा अम्रिसो, लप्सी, बडहर, डाँलेघाँस, भुइँघाँस

*"महिलाले वनमा काम गर्न थालेपछि आयआर्जन पनि गरेका छन्, विकासका काम पनि थालेका छन्," कुरचिने सामुदायिक वन उपभोक्ता समितिकी कोषाध्यक्ष विष्णु बस्नेत भन्छिन्, "चेतना र विकासका कार्यक्रम आए भने अघि बढ्न बेर लाग्दोरहेनछ।" वनलाई स्रोत बनाएर महेन्द्र गुफाका महिलाले त माहुरीपालन, बाख्रापालन र मल बनाउने कामसमेत सुरु गर्न लागेका छन्। त्यसका लागि उनीहरूले आवश्यक तालिम लिइसकेका छन्।*

लगाएर आम्दानी बढाएका छन्। त्यसबाट हुने आम्दानीको थोरै हिस्सा व्यक्तिगत र धेरै हिस्सा सामाजिक काममा लगाउने गरिएको छ। जिल्ला वन कार्यालय कास्कीले तीनदिने जडिबुटी तालिम दिएकै भरमा कुरचिने वन उपभोक्ता समूहमा आबद्ध महिलाहरूले दुई हेक्टर वन छुट्याएर आयआर्जनका लागि उपयोग गरे। दश वर्षका लागि वन क्षेत्र लिएर सुरु गरेको कार्यक्रम अहिले नमुना भएको छ।

त्यति मात्रै होइन, वनको रेखदेख गर्ने काम पनि महिला समूहहरूले गर्न थालेका छन्। पोखरा नजिकैको कुरचिने सामुदायिक वनमा दैनिक दुईजना महिला हेरालो बस्छन्। त्यसबापत वर्षको ९ हजार आमा समूहमा जम्मा हुन्छ। अधिकांश सामुदायिक वनमा महिलाहरूले आयआर्जनका कार्यक्रम चलाएका छन्। वन, आयआर्जनका कार्यक्रमबाट हुने आम्दानीले अहिले स्कुल, बाटो, पँधेरो निर्माण गर्ने काम भइरहेको छ। सरकारले शिक्षक दरबन्दी नदिएको स्कुलमा शिक्षक राख्नेदेखि लिएर विद्यालय भवन बनाउने कामसमेत सामुदायिक वनको आम्दानीबाट गरिन थालेको छ।

"महिलाले वनमा काम गर्न थालेपछि आयआर्जन पनि गरेका छन्, विकासका काम पनि थालेका छन्," कुरचिने सामुदायिक वन उपभोक्ता समितिकी कोषाध्यक्ष विष्णु बस्नेत भन्छिन्, "चेतना र विकासका कार्यक्रम आए भने अघि बढ्न बेर

*अहिले जनआन्दोलनले ल्याएको राजनीतिक परिवर्तनले महिलाहरूमा ठूलो चेतना आएको छ । महिला सहभागिताको घोषणाले उनीहरू हौसिएका छन् । महिलाहरू बल्ल सामुदायिक वनका नेतृत्वमा पनि पुग्न थालेका छन् । सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष कृष्णप्रसाद तिमिल्सेना भन्छन्, "महिलाहरूले छोटै अवधिमा देखाएको कुशल नेतृत्वले पुरुषभन्दा महिलाले गर्न सक्छन् भन्ने प्रमाणित भएको छ ।"*

लाग्दोरहेनछ ।" वनलाई स्रोत बनाएर महेन्द्र गुफाका महिलाले त माहुरीपालन, बाख्रापालन र मल बनाउने कामसमेत सुरु गर्न लागेका छन् । त्यसका लागि उनीहरूले आवश्यक तालिम लिइसकेका छन् । बाहिरबाट घुम्न आउने पर्यटकलाई देशमै प्रसिद्धि कमाएको गुफाका अलावा सामुदायिक वनको आकर्षण पनि थप्न सकिने विश्वास उनीहरूले लिएका छन् ।

"हामी नै अगाडि सरेर गाउँको विकास गर्न थाल्यौं भने गाउँलाई पर्यटकीय आकर्षण बनाउन सकिन्छ भन्ने लागेको छ," बस्नेत भन्छिन्, "सामाजिक विकासमा लागेपछि त सबैको बधाई खाइएको छ ।" हालै मात्रै उनीहरूले उपभोक्ता समितिसँग मिलेर महेन्द्रगुफादेखि आफ्नो गाउँसम्मको करिब चार किमि कच्ची मोटर बाटो र सामुदायिक पक्की भवन बनाइसकेका छन् ।

महिलाहरूले सामुदायिक वनमार्फत विकासमा जागरुकता देखाएकोप्रति पुरुषहरू पनि मख्ख छन् । कुरचिने वन उपभोक्ता समितिका अध्यक्ष रामबहादुर बस्नेत भन्छन्, "महिलाहरूले जिम्मेवारीपूर्ण तरिकाले काम गर्दछन् भनेर जिम्मा दिएका थियौं, सोचेभन्दा बढी गरे ।"

महिलाहरूले काम सुरु गरेपछि विभिन्न संस्थाहरूबाट विभिन्न तालिम र चेतनाका कार्यक्रम पनि गाउँगाउँमा आउन थालेका छन् । "यसबाट अवसर पाए भने महिलाहरूले सामाजिक क्षेत्रमा धेरै काम गर्न सक्छन् भन्ने कुरा देखिएको छ," अध्यक्ष बस्नेत आफ्नो अनुभव सुनाउँछन् ।

सामुदायिक वन उपभोक्ता महासङ्घका अनुसार हालसम्म सामुदायिक वनको सङ्ख्या अधिराज्यभरमा १४ हजार २ सय २४ छ । गाउँमा मात्रै नभएर सामुदायिक वन उपभोक्ता समूहको कार्यकारी समितिमा ५० प्रतिशत नै महिला सहभागिता राखिएको छ ।

"निर्णयमा महिलाको सक्रिय सहभागिता भएमा मात्र महिला सहभागिताको अर्थ रहन्छ," महासङ्घका अध्यक्ष कृष्ण लामिछाने भन्छन्, "महिलाहरूले नेतृत्व लिन थालेपछि सामाजिक काम धेरै हुन थालेको अनुभव हामीले गरेका छौं ।" उनका अनुसार देशभरका सामुदायिक वनमा कम्तीमा एकतिहाई महिला सहभागिता रहेको छ । "यो सहभागिता अहिले आएको राजनीतिक परिवर्तनले बढाइरहेको छ, जुन सकारात्मक हो," उनी भन्छन्, "सामुदायिक वनमा नेतृत्व लिएर काम गर्न थालेपछि सामाजिक र राजनीतिक नेतृत्वमा पनि बिस्तारै महिलाहरू आउने सम्भावना बढ्दो छ ।"

अझ महिलाको सहभागिता बढाउन सामाजिक परिचालन, प्रभावकारी पैरवी र सञ्चारसँग सम्बन्धित कार्यक्रम चलाउनुपर्ने माग वन विकास कार्यक्रम (नेष्ट) की तालिम अधिकृत शकुन्तला रसाइलीको छ । पुरुष नेतृत्व रहेको वनमा महिलालाई लक्षित गरी कुनै पनि कार्यक्रम चलाइएको छैन । तर, महिलाहरूको सहभागिता बढी रहेको वनमा आयआर्जनका कार्यक्रम र रेखदेख पनि बढी हुने गरेको छ । अधिकृत रसाइली भन्छिन्, "यसले वनमा हुने चोरी, सिकारी र अतिक्रमण कम गर्नसमेत सघाउ पुऱ्याएको छ ।"

वनमा हुने चोरी, सिकारी तथा अतिक्रमणलाई कम गर्न सरकारले २०४९ सालमा सामुदायिक वनको नीति ल्याएको हो । जिल्ला वन कार्यालय कास्कीले दिएको जानकारीअनुसार अहिलेसम्म कास्कीमा ४४६ वटा वन समुदायलाई हस्तान्तरण गरिएको छ । जसबाट ३८,७५० घरधुरी लाभान्वित छन् । वन समुदायमा हस्तान्तरण भएपछि वनको उपभोग, प्रयोग र पैदावरसम्बन्धी सबै अधिकार समुदायलाई हुन्छ । "सामुदायिक वनको नेतृत्व लिनु गाविस चलाउनुभन्दा पनि कठिन

हुन्छ," रसाइली भन्छिन्, "यसले महिलाहरूको नेतृत्व क्षमता पनि बढाएको छ।"



□□□

# बढ्न थाल्यो महिला सञ्चारकर्मीको माग

*सबैतिर जनसङ्ख्याको अनुपातमा सहभागितामा भन्ने नारा निक्कै चर्को रूपमा उठेको छ। महिला सहभागिताको कुरा गर्दा ३३ प्रतिशत हुनैपर्ने भन्ने कुरामा कानुनी र राष्ट्रिय सहमति पनि भएको छ। अब आयो सञ्चारको कुरा। सञ्चारको कुरा गर्दा अहिले पनि महिला सङ्ख्या एकदमै न्यून छ। तर, यो क्षेत्रमा पनि महिला सहभागिता बढाउन यो पेशालाई नै भविष्य सम्भिएर पत्रकार महिलाहरू आउनु जरुरी छ। खाँचो गुणात्मक र सङ्ख्यात्मक दुवैको छ।*

**✍ समीक्षा कोइराला**

*पोखरा।* पोखरास्थित माछापुच्छ्रे एफएमका सञ्चालक देव क्षेत्रीले महिला सञ्चारकर्मी खोजी गरेको धेरै भयो, तर यही क्षेत्रलाई आफ्नो भविष्य ठानेर आउने महिला सञ्चारकर्मी उनले अहिलेसम्म भेट्टाउन सकेका छैनन्।

समाचार र कार्यक्रम सञ्चालकको रूपमा काम गर्ने महिला सञ्चारकर्मीको माग बढिरहेको छ। सञ्चार क्षेत्रमा महिला सहभागिताको कुरा उठ्न थालेपछि सञ्चारगृहले पनि महिला प्राथमिकतालाई अघि बढाएका छन्। तर त्यसअनुरूप महिला जनशक्ति उत्पादन हुन सकेको छैन।

"महिला सञ्चारकर्मीको माग बढिरहेको छ, तर यसैलाई पेशा ठानेर आउने सङ्ख्या अहिलेसम्म पाएको छैन," क्षेत्री भन्छन्, "आए पनि रहरमा आउने मात्रै देखिन्छन्, सञ्चार क्षेत्रलाई नै व्यवसाय मानेर आउने देखिँदैनन्।"

कुनै बेला थियो, सञ्चार क्षेत्रमा काम गरेर जीवन धान्न समस्या हुन्थ्यो। वातावरण पनि महिलाका लागि अनुकूल हुन्थेन। सञ्चार क्षेत्रमा आएको क्रान्तिसँगै चेतनास्तरको वृद्धिले अहिले त्यस्तो अवस्था छैन। राजधानीमा त महिलाहरू यस क्षेत्रप्रति आकर्षित भएर आउने सङ्ख्या दिनप्रतिदिन बढ्दो छ। तर, मोफसलमा त्यो अनुपातमा विकास भएको छैन।

*"मोफसलमा पत्रकारितासम्बन्धी कलेज नभएका कारण पनि महिला पत्रकार बढ्न सकेका छैनन्," स्थानीय समाधान दैनिकका प्रधान सम्पादक नारायण कार्की भन्छन्, "महिलाका लागि यो क्षेत्रमा आउने अवसर छ, तर त्यो अनुपातमा महिला सञ्चारकर्मीको विकास हुन सकेको छैन।" सञ्चार क्षेत्रमा महिलाहरू नदेखिएका पनि होइनन्। खासगरी एफएमको स्थापनापछि यस क्षेत्रमा महिला सञ्चारकर्मीको प्रवेश बढेको देखिन्छ।*

"मोफसलमा पत्रकारितासम्बन्धी कलेज नभएका कारण पनि महिला पत्रकार बढ्न सकेका छैनन्," स्थानीय समाधान दैनिकका प्रधान सम्पादक नारायण कार्की भन्छन्, "महिलाका लागि यो क्षेत्रमा

*पोखरामा अहिले चार एफएम र नियमित प्रकाशित चार दैनिक पत्रिका छन् । यी सञ्चारगृहमा काम गर्ने महिलामध्ये ४/५ जना मात्रै निरन्तरता दिने सोचाइमा छन् । बाँकी सबै रहरमा प्रवेश गरेका छन् । अन्नपूर्ण एफएममा कार्यरत महिला सञ्चारकर्मीको सङ्ख्या अहिले पनि १५ छ । तर, कोही पनि पूर्णकालीन छैनन् । 'पार्टटाइम' को रूपमा काम गर्छन् । "यसैलाई व्यवसाय बनाउँछु भनेर आएमा काम नपाउने कुरै छैन, धेरै महिला सञ्चारकर्मीको आवश्यकता छ," स्टेसन म्यानेजर श्रेष्ठले थपे, "तर त्यस्ता महिला पाउन नै मुस्किल छ ।"*

आउने अवसर छ, तर त्यो अनुपातमा महिला सञ्चारकर्मीको विकास हुन सकेको छैन ।"

सञ्चार क्षेत्रमा महिलाहरू नदेखिएका पनि होइनन् । खासगरी एफएमको स्थापनापछि यस क्षेत्रमा महिला सञ्चारकर्मीको प्रवेश बढेको देखिन्छ । यहाँका एउटै एफएममा १०/१५ महिला सञ्चारकर्मी अझै कार्यरत छन् । भएकामध्ये पनि रमाइला गीत-सङ्गीतका कार्यक्रम चलाउने 'आरजे' का रूपमा मात्रै सीमित छन् । सञ्चारलाई बुझेर यसैलाई व्यावसायिक क्षेत्र ठानी आउने दुई/तीनजना पनि छैनन् ।

व्यावसायिक सञ्चारकर्मी हुने लक्ष्य लिएर आउने पनि विवाहपछि छाड्न बाध्य छन् । एफएम छाड्नेहरूको अनुभवमा पनि सञ्चार क्षेत्रमा महिला सहभागिता कम हुनुको पछाडि धेरैमध्ये यो पनि एउटा कारण हो । भर्खरै यसको एउटा उदाहरण बनेकी छिन्- अन्नपूर्ण एफएममा तीन वर्षदेखि कार्यरत विभा गुरुङ । उनले तीन वर्षअघि अन्नपूर्ण एफएम प्रवेश गर्दा यसलाई आफ्नो भविष्य ठानेकी थिइन् । "सोचेअनुरूप भएन, विवाहपछि घरमा बस्नुपर्‍यो, जिम्मेवारी बढ्यो, त्यसैले पनि पोखरामा बसेर एफएममा काम गर्न सकिनँ," विभाले भनिन्, "पोखरामा बसेर काम गर्न नसके पनि राजधानीमा पाएमा यसै क्षेत्रमा काम गर्ने विचार भने छ ।"

उनकै जस्तो सपना लिएर हिमचुली एफएममा छिरेकी पुनम गुरुङ पनि दुई वर्षदेखि टिक्न सकिनन् । अहिले उनी पोखराकै सेन्टमेरिज स्कुलमा पढाउँछिन् । अहिले यस क्षेत्रमा अवसर र भविष्य हुँदाहुँदै पनि महिलाहरू सञ्चारमाध्यममा आउन अझै सकिरहेका छैनन् । पुनम र विभा मात्रै होइनन्, दुई वर्षको अवधिमा पोखराका सञ्चारगृहहरूमा कार्यरत २५ भन्दा बढी महिला सञ्चारकर्मी यो क्षेत्र छाडेर अन्यन्त्र गएका छन् । "सपना र वास्तविकता फरक हुँदोरहेछ," पुनम भन्छिन्, "यसका लागि सबै किसिमको सकारात्मक वातावरण आवश्यक हुन्छ ।"

खासगरी पत्रकारितासम्बन्धी कलेज नहुनु, विवाहपछि काम गरिरहेको क्षेत्र छाडेर अन्यन्त्र जानुपर्ने र आकर्षक तलब नहुनुजस्ता कारणले यस क्षेत्रलाई व्यावसायिक बनाउन नसकिएको उनीहरूको तर्क छ । "आकर्षण नभएको होइन, एफएममा बोल्ने, समाचार लेख्ने महिलाहरूको आकर्षण बढ्दो नै छ, तर व्यावसायिक रूपमा आउन नसकेका मात्रै हुन्," कार्की भन्छन्, "पत्रकारिता क्षेत्रमा धेरै चुनौती छ, ती चुनौतीको सामना गर्न सक्छौं भन्ने आँट लिएमा महिलाका लागि ठूलो अवसर यस क्षेत्रमा छ ।"

धेरैले विवाह, घरायसी कामकाज र अनुकूल वातावरण नभएका कारण सञ्चार क्षेत्रमा महिला सहभागिता बढ्न नसकेको तर्क गरे पनि सञ्चारकर्मी उर्मिला बानियाँ भने त्यस्तो तर्क मान्न तयार छैनन् । "वातावरण त आफूले बनाउने हो, मुख्य कुरा प्रतिबद्धताको हो," उनले भनिन्, "सञ्चार क्षेत्र बुझेर आउने महिलाको सङ्ख्या नै कम भएकाले यो समस्या देखिएको हो ।"

त्यस्तै तर्क राख्छन् अन्नपूर्ण एफएमका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठ पनि । सञ्चार क्षेत्रबाट पनि बाँच्न सकिने आधार खडा भइसकेको बताउँदै उनी यस क्षेत्रमा आउने महिला निरन्तर रूपमा लाग्ने सोच बनाएर आउनुपर्ने सुझाव दिन्छन् । "अहिले देखिएको समस्या नै निरन्तरता दिन नसक्नु हो," श्रेष्ठ भन्छन्, "महिलाहरूलाई पनि पुरुषसरहकै

सङ्ख्यामा राख्ने चाहना छ, तर त्यसअनुरूप काम गर्ने जनशक्ति अझै पाइएको छैन ।"

पोखरामा अहिले चार एफएम र नियमित प्रकाशित चार दैनिक पत्रिका छन् । यी सञ्चारगृहमा काम गर्ने महिलामध्ये ४/५ जना मात्रै निरन्तरता दिने सोचाइमा छन् । बाँकी सबै रहरमा प्रवेश गरेका छन् । अन्नपूर्ण एफएममा कार्यरत महिला सञ्चारकर्मीको सङ्ख्या अहिले पनि १५ छ । तर, कोही पनि पूर्णकालीन छैनन् । 'पार्टटाइम' को रूपमा काम गर्छन् । "यसैलाई व्यवसाय बनाउँछु भनेर आएमा काम नपाउने कुरै छैन, धेरै महिला सञ्चारकर्मीको आवश्यकता छ," स्टेसन म्यानेजर श्रेष्ठले थपे, "तर त्यस्ता महिला पाउन नै मुस्किल छ ।"

एफएममा अरूले बोलेको देख्दा बोलिहालूँ र नाम कमाइहालूँ भनेर हाम फाल्नेहरू चुनौतीको सामना गर्नुपरेपछि विस्थापित हुने सञ्चारगृहका सञ्चालक बताउँछन् । "पुरुषहरूले जति सजिलै व्यावसायिक रूपमा सञ्चार क्षेत्र अँगाल्छन्, महिलाहरूलाई चुनौतीको सामना गर्नुपर्छ," माछापुच्छ्रे एफएमका सञ्चालक देव भन्छन्, "अब महिलाहरूले अन्य क्षेत्रमा जस्तै सञ्चार क्षेत्रमा पनि चुनौतीको सामना गरेर प्रवेश गर्नुपर्छ ।"

सञ्चार क्षेत्रको नेतृत्व लिने पुरुष पत्रकारहरूमा अझै पनि सामाजिक संरचनालाई दोष दिने चलन छ । पत्रकार महासङ्घका केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुली महिला सञ्चारकर्मी बढ्न नसक्नुमा सामाजिक क्षेत्रमा हेर्ने दृष्टिकोण प्रमुख रहेको बताउँछन् । "सञ्चार क्षेत्रमा लागेका महिलालाई हेर्ने नजरमा पूर्ण रूपले परिवर्तन अझै आइसकेको छैन," उनी भन्छन्, "सामाजिक दृष्टिमा आएको परिवर्तनसँगै अब सञ्चार क्षेत्रमा आउने महिलाहरूले चुनौतीको सामना गरेर आउन सक्नुपर्छ ।"

महिला विस्थापनको कुरा विद्युतीय सञ्चारमाध्यममा भन्दा छापा सञ्चारमाध्यममा बढी छ । छापा माध्यमबाट टाढिएकी गीता पौडेल पनि सञ्चारकर्मी महिलाहरूलाई हेर्ने दृष्टिमा परिवर्तन चाहिने आवश्यकता रहेको बताउँछिन् । महिलाहरू व्यावसायिक रूपमा अघि बढ्ने हो भने आफूलाई मनोरञ्जनात्मक कार्यक्रमहरूमा मात्र सीमित राख्न नहुने उनको सुझाव छ । "सामाजिक दृष्टिमा परिवर्तन ल्याउन महिलाले साहसिक कार्य गर्दै यस क्षेत्रमा आफूलाई स्थापित गराउनुपर्छ," उनले भनिन्, "एफएममा प्रस्तोता भएर मात्रै होइन, पत्रकारिता क्षेत्रमा नै आउनुपर्छ ।"

केही महिलामा यो साहस पनि बढेको छ । पोखराको सामुदायिक रेडियो हिमचुली एफएममा विगत पाँच वर्षदेखि कार्यरत कान्ति श्रेष्ठ आर्थिक पक्षबाट सन्तुष्ट नभए पनि यसैलाई भविष्य बनाउने अठोट लिएर सञ्चार क्षेत्रमा कार्यरत छिन् । उनी विवाहपछि पनि सञ्चार क्षेत्रलाई निरन्तरता दिँदै आएकी छिन् ।

"पैसा नकमाए पनि मैले धेरै सम्बन्ध, धेरै श्रद्धा, विश्वास र माया कमाएकी छु," श्रेष्ठ खुसीका साथ भन्छिन्, "आफ्नो परिवार र श्रीमान्ले समेत मलाई सघाइरहनुभएको छ ।"

लोकतन्त्र वहालीपछि एफएमहरूबाट खुला प्रतिस्पर्धामा समाचार दिन सुरु गरेपछि अहिले सञ्चारकर्मीको माग झनै बढिरहेको छ । राजाको शाही शासनकालमा एफएममा समाचार दिन प्रतिबन्ध लगाइएको थियो । "लोकतन्त्र आएपछि समाचार र अन्य सूचनामूलक कार्यक्रममा समेत महिला सञ्चारकर्मीको माग बढिरहेको छ," राष्ट्रिय समाचार समिति क्षेत्रीय कार्यालय पोखराका प्रमुख सूर्यचन्द्र बस्नेत भन्छन्, "यो क्षेत्रमा आउने महिलाहरूले आवश्यक तालिम लिएर आफूलाई अलि दक्ष बनाएर आउन सक्नुपर्छ ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह